# अनुसूची -२

(दफा ४ तथा अनुसूची -१ को भाग २ सँग सम्बन्धित )

## विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड:०७ संख्या: १५ मिति २०८१।१२।१४

## भाग -२

# विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०८१ (पहिलो संशोधन)

# विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन)

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०४।३१*

*प्रमाणिकरण मितिः २०८१।१२।१४*

विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८० लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,

विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाले देहायको व्यवस्थाहरू संशोधन तथा थप गरेको छ।

१ संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यविधिको नाम "विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१ (पहिलो संशोधन)" रहेको छ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधिको दफा ३ मा संशोधन:** विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को उपदफा १ मा रहेको 'बढीमा ३ बर्ष सम्मको लागि' भन्ने शब्द झिकी "बढीमा ५ बर्ष" सम्मका लागि भन्ने शब्द राखिएको छ ।

३. **विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधिको दफा ३ मा संशोधन:** विराटनगर महानगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८१ (यस पछि "मूल कार्यविधि" भनिएको) को दफा ३ को उपदफा ४ को खण्ड (झ) मा रहेको '५ देखि १० प्रतिशत' भन्ने शब्दको पछाडी 'सम्म' भन्ने शब्द राखिएको छ ।

४. **मूल कार्यविधिमा नयाँ दफा ११ थप:** मूल कार्यविधिको दफा १० पछाडी देहायको नयाँ दफा ११ थप गरिएको छ,

"यो कार्यविधिका प्रावधानहरुमा नगर कार्यपालिकाले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।"

**आज्ञाले**

रामप्रसाद ढुङ्गेल

प्रमुख प्रशासकीय अधिकृत